# इलाम नगरपालिका

# स्थानीय राजपत्र

**खण्ड : ७** **सङ्ख्या : ९** **मिति : २०८०/५/०६**

**भाग २**

## इलाम नगरपालिका

**इलाम नगरपालिकाको कार्यपालिका बैठकबाट पारित इलाम नगरपालिका, अनुदानको मल स्थानीय तहमा आपूर्ति तथा वितरण व्यवस्थापन कार्यविधि, २०८० सर्वसाधारण सबैको जानकारीको लागि प्रकाशित गरिएको छ ।**

## अनुदानको मल स्थानीय तहमा आपूर्ति तथा वितरण व्यवस्थापन कार्यविधि २०८०

**कार्यपालिकाबाट स्वीकृत मिति :- २०८०/५/०६**
**प्रमाणीकरण मिति :- २०८०/५/०६**

इलाम नगरपालिकामा अनुदानको मल वितरण व्यवस्थापन निर्देशिका, २०७७ बमोजिम प्राप्त हुने अनुदानको रासायनिक मल कृषकहरुलाई सरल, सहज एवं पारदर्शी रुपमा वितरणको व्यवस्था मिलाउन, मल बिक्रेताको छनौट तथा सिफारिसलाइ बस्तुनिष्ठ एवं मापदण्डमा आधारित बनाउन र मलको वितरण एवं व्यवस्थापन प्रणालीलाई उत्तरदायी बनाउन बनाउन बाञ्छनिय भएकोले स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२(२) बमोजिम इलाम नगरपालिकाको कार्यपालिकाले अनुदानको मल स्थानीय तहमा आपूर्ति तथा वितरण व्यवस्थापन कार्यविधि, २०८० पारित गरि जारी गरेको छ ।

**१ संक्षिप्त नाम र प्रारम्भ-**

(१) यस कार्यविधिको नाम अनुदानको मल स्थानीय तहमा आपूर्ति तथा वितरण व्यवस्थापन कार्यविधि, २०८० रहनेछ।

(२) यो कार्यविधि इलाम नगरपालिका क्षेत्रभित्र भरि लागु हुनेछ।

**२ परिभाषाः**- बिषय र प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा-

(क) नगरपालिका भन्नाले इलाम नगरपालिकालाई बुझ्नुपर्छ।

(ख) प्रमुख भन्नाले इलाम नगरपालिकाको नगर प्रमुख बुझ्नुपर्छ।

(ग) उप प्रमुख भन्नाले इलाम नगरपालिको उप प्रमुख बुझ्नुपर्छ।

(घ) प्रमुख प्रशासकीय अधिकृत भन्नाले इलाम नगरपालिको प्रमुख प्रशासकीय अधिकृतलाई बुझ्नु पर्छ।

(ङ) वडा कार्यालय भन्नाले इलाम नगरपालिका भित्र रहेका वडा कार्यालयलाई सम्झनु पर्छ।

(च) नगर सभा भन्नाले नेपालको संविधानको धारा २१८ बमोजिमको नगर सभा सम्झनु पर्छ।

(छ) कम्पनी भन्नाले कम्पनी ऐन, २०६३ बमोजिम दर्ता भएका कम्पनी सम्झनु पर्छ।

(ज) फर्म भन्नाले प्राईभेट फर्म रजिष्ट्रेशन ऐन, २०१४ बमोजिम दर्ता भएका फर्म सम्झनु पर्छ।

(झ) सहकारी संस्था भन्नाले सहकारी ऐन, २०७४ बमोजिम दर्ता भएको सहकारी संस्था सम्झनु पर्छ।

(ञ) बिक्रेता भन्नाले मल वितरक कम्पनीबाट मल विक्री बितरण गर्न अनुदानको मल वितरण व्यवस्थापन निर्देशिका, २०७७ बमोजिम मल बिक्रेता प्रमाण पत्र प्राप्त सहकारी संस्था, फर्म वा कम्पनी सम्झनु पर्छ।

(ट) निर्देशिका भन्नाले अनुदानको मल वितरण व्यवस्थापन निर्देशिका, २०७७ सम्झनु पर्छ।

(ठ) स्थानीय समिति भन्नाले अनुदानको मल वितरण व्यवस्थापन निर्देशिका, २०७७ को दफा-१० बमोजिमको स्थानीय तह मल वितरण व्यवस्थापन समिति सम्झनु पर्छ।

(ड) मल वितरण क्षेत्र भन्नाले स्थानीय समितिले मल वितरण गर्ने प्रयोजनका लागि निर्धारण गरेको वडाको निश्चित क्षेत्र सम्झनु पर्छ ।

(ढ) सहभागी भन्नाले इलाम नगरपालिका नगर क्षेत्रमा बसोवास गरेका लक्षित वर्ग कृषकहरु सम्झनुपर्छ।

**३) कार्यविधिको उद्धेश्य**

(क) इलाम नगरपालिकाका लागि प्राप्त हुने अनुदानको रासायनिक मलको बिक्रेता छनौट तथा सिफारिसलाइ बस्तुनिष्ठ एवं मापदण्डमा आधारित बनाउन ।

(ख) मलको आपूर्ति तथा विक्री बितरण कार्यलाई सहज, व्यवस्थित, पारदर्शी र प्रभावकारी बनाउन।

(ग) खेतीयोग्य जमिन र मलको आपुर्ति विचमा सन्तुलन कायम गर्न ।

(घ) मल बिक्रि वितरणका लागि नियुक्त विक्रेताहरु लाइ जिम्मेवार र उत्तरदायी बनाउन ।

**४. मल वितरणको कार्य क्षेत्र निर्धारण-** स्थानीय समितिले अनुदानको रासायनिक मल बिक्री वितरणको लागि बिक्रेता सिफारिस गर्ने प्रयोजनका लागि वडाको भौगोलिक क्षेत्रफलको आधारमा एक वडामा दुइ वटामा नबढ्ने गरि मल वितरण क्षेत्रको संख्या निर्धारण गर्नेछ ।

**५.मलको कोटा निर्धारण सम्वन्धी व्यवस्था-**

(१) वडाले मलको माग परिमाण निर्धारण गर्नु पर्ने- प्रत्येक वडाले वडा समितिबाट देहायका आधारमानिर्णय गरि आगामी आर्थिक बर्षका लागि आफ्नो वडा क्षेत्रका लागि आवश्यक पर्ने रासायनिक मलको प्रकार र परिमाण खुलाइ प्रत्येक आर्थिक बर्षको पौष मसान्त भित्रमा कृषि विकास शाखा मार्फत स्थानीय समितिमा मलको माग गरि पठाउनु पर्नेछ ।
क. आफ्नो वडाको कृषक घरधुरी संख्या,
ख. बाली अनुसारको खेती गरिने जमिनको क्षेत्रफल,

ग. बाली सघनता,

घ. सिंचाइको उपलब्धता

ङ. अनुसुची १ बमोजिम बाली अनुसार मलको सिफारिस मात्रा

(२) कृषि ज्ञान केन्द्रबाट प्रत्येक पटक नगरपालिकालाइ रासायनिक मलको कोटा प्राप्त भए पछि स्थानीय समितिले देहायका आधारमा प्रत्येक वडाको मल वितरण क्षेत्रका लागि समानुपातिक रुपमा मलको कोटा निर्धारण गर्नु पर्नेछ ।

(क) मलको कोटा प्राप्त भएको सिजनमा लगाइने बाली अनुसार वडाको बाली लगाइने जमिनको क्षेत्रफल,

(ख) वडाका कृषकहरुको घरधुरी संख्या,

(ग) किसान सूचीकरण भएका वडाको हकमा सूचीकृत कृषक घरधुरी संख्या,

(घ) बाली अनुसार प्रति रोपनी क्षेत्रफलका लागि आवश्यक पर्ने मलको प्रकार र परिमाण

(ङ) सिंचाइ सुविधाको उपलब्धता,

(च) आघिल्लो बर्षहरुमा प्रयोग गरिएको मलको परिमाण र मलको प्रकार

(३) स्थानीय समितिले उपदफा-२ बमोजिम प्रत्येक वडाका लागि रासायनिक मलको कोटा निर्धारण गरे पछि ७ दिन भित्रमा सो को विवरण सहितको जानकारी सम्वन्धित सबै वडामा पठाउनु पर्नेछ ।

**६.मल बिक्रेताको नियुक्तिका लागि सिफारिस सम्वन्धी व्यवस्था**

(१) निर्देशिकाको दफा १५ बमोजिम मल बिक्रेताहरुको सिफारिस गर्ने प्रयोजनका लागि मल बिक्रि बितरण गर्न इच्छुक सहकारी संस्थाले समितिबाट निर्धारण गरिएको कुनै एक मात्र मल वितरण क्षेत्रका लागि नगरपालिकाद्वारा प्रकाशित सूचनामा तोकिएको अवधि भित्रमा देहायका कागजात सहित निवेदन दिनु पर्नेछ ।

(क) सहकारी संस्था, फर्म वा कम्पनी दर्ताको प्रमाणित प्रमाण पत्रको प्रतिलिपी।

(ख) व्यवसाय दर्ता तथा नवीकरण गरिएको प्रमाण पत्रको प्रतिलिपि।

(ग) कर चुक्ता प्रमाण पत्रको प्रतिलिपि

(घ) विगत दुई आर्थिक वर्षको लेखापरीक्षण प्रतिवेदनको प्रतिलिपि।

(ङ) स्थायी लेखा नम्बरदर्ताको प्रमाण पत्रको प्रतिलिपी।

(च) अनुभव कार्यदक्षताको विवरण ।

(छ) नाप तौल गर्ने डिजिटल मेशिन, गोदामघर सूचना प्रविधि लगायतका भौतिक पूर्वाधारको विवरण

(ज) कुनै कारबाहीमा नपरेको स्व-घोषणा पत्र।

(२) मल बिक्रेताको सिफारिसका लागि छनौट गर्नु पर्नेः- उपदफा १ बमोजिम निवेदन पेश गर्ने म्याद समाप्त भएपछि समितिले निवेदकहरु बाट पेश भएका पूर्वाधारको अवस्था लगायतका विवरणहरुको यकिन तथा मूल्याङ्कनका लागि अनिवार्य रुपमा सम्वन्धित वडाको वडाध्यक्ष वा निजले तोकेको वडा सदस्य समेतको सहभागितामा स्थलगत रुपमा अवलोकन गर्नु वा सो का लागि टोली खटाइ अवलोकन गर्नु पर्नेछ ।

(३) स्थलगत अवलोकन प्रतिवेदन तथा पेश भएका प्रमाणहरु समेतका आधारमा समितिले अनुसुची २ बमोजिमका आधारहरुको मूल्याङ्कनमा सबै भन्दा बढी अंक प्राप्त गर्ने संस्थाहरुलाइ मल बिक्रेताका रुपमा नियुक्तिका लागि सिफारिस गर्ने प्रयोजनका लागि मल बितरण क्षेत्रको संख्या बराबरको संख्यामा छनौट गरि प्रारम्भिक सूची तयार गर्नु पर्नेछ ।

(४) एउटै मल वितरण क्षेत्रका लागि आवेदन दिने संस्थाहरु एक भन्दा बढी भएमा उच्चतम अंक प्राप्त गर्ने संस्थालाइ सो मल वितरण क्षेत्रका लागि छनौट गर्नु पर्ने छ ।एकै मल वितरण क्षेत्रका लागि आवेदन दिने एक भन्दा बढी संस्थाहरुको अंक समान भएमा गोलाप्रथाबाट संस्थाको छनौट गर्नु पर्नेछ ।

(५) उपदफा-३ को प्रारम्भिक सूचीमा समावेश भएको तर उपदफा-४ बमोजिमको प्रकृयामा छनौट हुन नसकेका संस्थाहरुले कुनै पनि संस्था छनौट नभएको मल वितरण क्षेत्रमा कार्य गर्न इच्छुक भएमा छनौट कार्य समाप्त भएको मितिले ३ दिन भित्रमा समिति समक्ष निवेदन दिन सक्ने छन ।निवेदकहरु मध्येबाट समितिले निर्देशिकाको दफा-१५(८) को प्राथमिकता बमोजिम मल बिक्रेताका रुपमा सिफारिस गर्ने प्रयोजनका लागि छनौट गर्नुपर्नेछ ।

(६) उपदफा-४ र ५ बमोजिम छनौट कार्य सम्पन्न भए पछि समितिले अन्तिम सूची तयार गरि मल वितरण क्षेत्र तोकी बिक्रेता नियुक्तिका लागि मल बितरक कम्पनीमा सिफारिस गरि पठाउनु पर्नेछ ।

(७) कुनै मल वितरण क्षेत्रमा कुनै पनि कृषि सहकारी संस्था वा अन्य सहकारी संस्था बिक्रेताका रुपमा नियुक्तिका लागि सिफारिस हुन नसकेमा उक्त मल वितरण क्षेत्रका लागि मल बिक्रि वितरण गर्न इच्छुक प्राइभेट फर्म/कम्पनीहरुबाट ७ दिनको निवेदन आव्हान गर्नु पर्ने छ । निवेदक प्राइभेट फर्म/कम्पनीहरु को यसै कार्यविधि बमोजिम मूल्याङ्कन गरि मल बितरक कम्पनी समक्ष बिक्रेता नियुक्तिका लागि सिफारिस गर्नु पर्नेछ ।

(८) मल बितरक कम्पनीबाट बिक्रेता नियुक्तिको जानकारी प्राप्त भएको ७ दिन भित्रमा बिक्रेताको विवरण सहितको जानकारी सम्वन्धित वडा कार्यालयमा पठाउनु पर्नेछ ।

**७. बिक्रेताद्वारा मल बिक्रि वितरण सम्वन्धी व्यवस्था**

(१) दफा ६ बमोजिम आफ्नो वडाको लागि निर्धारण भएको मलको कोटा प्राप्त भए पछि वडाले मल वितरण क्षेत्रका सबै कृषकहरुको जानकारीका लागि कम्तीमा ७ दिने सूचना प्रकाशन गरि प्रत्येक टोलमा आवश्यकतानुसार टोल भेला समेत आयोजना गरि कृषकहरुको जमिनको स्वामित्व वा जग्गा कमाएको प्रमाणका आधारमा कृषकहरु बाट मलको माग संकलन गर्नु पर्नेछ ।

(२) वडाको मल वितरण क्षेत्रका लागि निर्धारण भएको मलको कोटा र उपदफा १ बमोजिम संकलन भएको मलको कुल माग परिमाण तथा अनुसुची १ समेतका आधारमा वडा समितिले निर्णय गरि प्रत्येक मल वितरण क्षेत्रमा मल वितरण गरिने कृषकहरुको विवरण, प्रत्येक कृषकले खरिद गर्न पाउने मलको परिमाण र सो मलको खरिद मूल्य सहितको एकमुष्ट सूची अनुसुची ३ बमोजिमको ढाँचामा तयार गरि एक प्रति सम्वन्धित मल बिक्रेता र एक प्रति स्थानीय समितिमा पठाउनु पर्ने छ । एक प्रति सम्वन्धित कृषकहरुले जानकारी पाउने गरि सम्वन्धित टोलको सार्वजनिक स्थानमा टाँस गर्नु पर्नेछ ।

(३) उपदफा-३ बमोजिमको प्रमाणित विवरण प्राप्त भए पछि मात्र सम्वन्धित मल बिक्रेताले उक्त सूचीमा रहेका कृषकहरुको नागरिकताको प्रतिलिपी वा परिचय खुल्ने अन्य प्रमाण पत्रको प्रतिलिपी लिइ विल जारी गरि सूचीमा उल्लेखित परिमाण मात्र सम्वन्धित कृषकलाइ बिक्रि वितरण गर्नु पर्ने छ ।सूचीमा उल्लेख गरिए बाहेकका व्यक्तिलाइ वा सूचीमा उल्लेखित परिमाण भन्दा बढी मल बिक्रि वितरण गर्न पाइने छैन ।

(४) प्रत्येक मल बिक्रेताले अनिवार्य रुपमा प्रत्येक पटक आफुलाइ प्राप्त कोटा बमोजिमको मलको परिमाण, मलको प्रकार र बिक्री मूल्य खुल्ने विवरण तयार गरि बिक्री कक्षमा सबैले देख्ने गरि टाँस गर्नु पर्नेछ ।

(५) मल बिक्रेताले मासिक रुपमा आफुले मल बिक्रि वितरण गरेका कृषकहरुको नामावली, मलको परिमाण र मूल्य समेत खुलेको बिवरण सम्वन्धित वडा कार्यालय र स्थानीय समितिमा पठाइ सो विवरण सबैले देख्ने गरि बिक्रि स्थलमा टाँस गर्नु पर्नेछ ।

(६) प्रत्येक मल बिक्रेताले आफुलाइ प्राप्त मलको कोटा बमोजिमको सबै परिमाण नियमानुसार तोकिएको मल वितरण क्षेत्रका कृषकहरुलाइ विक्रि वितरण गर्नु पर्ने छ । कुनै बिक्रेताले काबु बाहिरको परिस्थितिका कारण आफुलाई प्राप्त कोटा बमोजिमको परिमाण बिक्री बितरण गर्न नसक्ने भएमा कोटा निर्धारण भएको मितिले १५ दिन भित्रमा स्थानीय समिति समक्ष निवेदन दिनु पर्ने छ । प्राप्त निवेदन उपर समितिले छानवीन गरि उक्त मलको कोटा मल वितरण क्षेत्र परिवर्तन नहुने गरि अन्य इच्छुक संस्थाहरुलाई उपलब्ध गराउन मल वितरक कम्पनी समक्ष सिफारिस गर्न सक्नेछ ।

## ८. अनुगमन तथा निरिक्षण सम्वन्धी व्यवस्था

यस कार्यविधि बमोजिम मल आपूर्ति तथा बिक्री वितरण कारोबारमा सम्लग्न मल विक्रेताले आफ्नो जिम्मेवारी अनुरुप कार्य/ गरे नगरेको, विल विजक जारी गरी विक्री वितरण गरे/ नगरेको, आफ्नो कार्यक्षेत्र भन्दा बाहिर गई मल विक्री वितरण गरे/ नगरेको, तोकिएको मूल्यमा विक्री गरे/ नगरेको, लुकाई छिपाई वा पक्षपात पूर्ण तरिकाले बिक्री बितरण गरे नगरेको तथा दफा-७ (४) र (५) बमोजिमको विवरण टाँस गरे नगरेको सम्बन्धमा सम्वन्धित वडा कार्यालयले अनुगमन तथा निरिक्षण गरि मासिक रुपमा समितिमा प्रतिवेदन पेश गर्नु पर्नेछ । समितिले समेत सरोकारवाला निकायका प्रतिनिधि सहितको टोली बनाइ नियमित रुपमा अनुगमन तथा निरिक्षण गरि मासिक प्रतिवेदन कार्यपालिकामा पेश गर्नु पर्नेछ ।

## ९. कारवाही सम्वन्धी व्यवस्था

अनुदानको मल वितरण व्यवस्थापन निर्देशिका, २०७७ र अनुदानको मल स्थानीय तहमा आपूर्ति तथा वितरण व्यवस्थापन कार्यविधि, २०८० विपरित मलको बिक्री वितरण गरेको ठहरेमा वा कुनै कृषकले आफुले प्राप्त गरेको मल प्रयोग नगरि अन्यत्र बिक्रि गरेमा सम्वन्धित पक्षलाइ निर्देशिका, यसै कार्यविधि, सहकारी सम्वन्धी ऐन कानून र अन्य प्रचलित कानुन बमोजिम कारवाही हुनेछ ।

१०. यस कार्यविधिमा उल्लेख भए बाहेकका अन्य विषयहरु निर्देशिका र प्रचलित कानुन बमोजिम हुनेछन् ।

**११. बाधा अड्काउ फुकाउने र व्याख्या गर्ने अधिकारः-** यस कार्यविधिको कार्यान्वयनका सिलशिलामा कुनै बाधा अडकाउ आइ परेमा बाधा अडकाउ फुकाउने तथा कार्यविधिको व्याख्या गर्ने अधिकार कार्यपालिकालाइ हुनेछ ।

## अनुसुची-१

### (दफा ५(१ङ) र दफा ७(२) सँग सम्बन्धित)

**विभिन्न बालीनालीका लागि सिफारिस मलखाद मात्रा**

| बाली | | आवश्यक रासायनिक मल कि.ग्राम प्रति रोपनी | | |
|---|---|---|---|---|
| | | युरिया | डी.ए.पी | म्यु.अ.पो |
| धान | सिंचित | १० | ४ | ३ |
| | असिंचित | ६ | ०.२ | २ |
| गहु | सिंचित | ९ | ६ | २ |
| | असिंचित | ४ | ६ | २ |
| मकै (बर्षे+ हिउदे) | | ६ | ४ | ३ |
| जौ, उवा, फापर | | ३ | २ | १ |
| कोदो | | २ | १ | १ |
| अदुवा | | २ | ३ | ५ |
| आलु | | ६ | ६ | ३ |
| तोरी, रायो | | ५ | ४ | २ |
| तरकारीबाली | | ६ | ५ | ३ |
| मास, मसुरो, मुंग | | १ | २ | १ |
| बोडी, रहर | | १ | ४ | ३ |
| चना | | १ | ४ | २ |
| केराउ | | - | ४ | १ |
| भटमास | | - | ४ | ३ |
| बदाम | | २ | ७ | २ |
| अलैची | | ५ | ३ | ३ |
| बेसार | | ६ | ८ | ८ |

**नोटः** युरिया मल ५० प्रतिशत जमिनको तयारीका समयमा र बाकीं युरियाको मात्रा २-३ पटक गरि टप ड्रेसिङ गर्न सिफारिस गरिन्छ ।

विभिन्न फलफुलका लागि सिफारिस मलखाद मात्रा

| फलफूलको नाम | आवश्यक रासायनिक मल ग्राम प्रति बोट (बार्षिक) | | |
|---|---|---|---|
| | युरिया | डी.ए.पी | म्यु.अ.पो |
| आँप | १४०० | ९३० | ११३० |
| लिची | ११३० | ४३५ | १००० |
| केरा | ३४० | २४० | ४१० |
| मेवा | ३३० | ५४० | ८३० |
| अम्बा | ५२० | ३२५ | ५०० |
| भुइँकटहर | ३२० | १७० | २६० |
| रुखकटहर | १०५० | ६५० | ४०० |
| अमला | २२५ | १०८० | ८३० |
| एभोकाडो | ३७० | १६० | ३३० |
| स्ट्रबेरी | १०० | - | १४० |
| बयर | ९१५ | ४३० | ३३० |
| सुपारी | ४१५ | ३२५ | ८३० |
| नरिवल | ५४५ | ४३५ | ५५ |
| नास्पाती | ७०० | ४३५ | १३० |
| आरु | ५८० | ३२५ | १५० |
| आरुबखडा | ३५० | २२० | २५० |
| कटुस | ७०० | ४३५ | ३३० |
| हलुवावेद | ४१५ | ३२५ | ४१५ |
| लप्सी | ५४५ | ५४५ | २५० |
| कागजी बदाम | ६१० | ३८० | २९० |
| खुर्पानी | ३५० | २२० | ८५ |
| बेल | १८० | ७३० | ६८० |
| अनार | ८७० | ५४० | ४१५ |
| अंगुर | २४५ | ७६० | ४१५ |
| किवी | २०० | १०० | १०० |
| सुन्तला, जुनार. भोगटे | ८७५ | ५४५ | ८३० |
| कागती, निबुवा | ७०० | ४३५ | ५५ |
| मुन्ताला, ज्यामिर | २५० | ५०० | ५०० |

चिया तथा कफीका लागि मलखाद मात्रा

| बालीको नाम | आवश्यक रसायनिक मल ग्राम प्रति बोट (बार्षिक) | | |
|---|---|---|---|
| | युरिया | डी.ए.पी | म्यु.अ.पो |
| चिया | १५ | १० | २० |
| कफी | ११५ | १२० | १२५ |

घाँसखेतीका लागि मलखाद मात्रा

| घाँसको नाम | आवश्यक रसायनिक मल मकि.ग्राम प्रति रोपनी | | |
|---|---|---|---|
| | युरिया | डी.ए.पी | म्यु.अ.पो |
| बरसिम | १.२५ | ३ | १.२५ |
| भेच | १.२५ | ३ | २ |
| जै घाँस | ५ | २.५ | १.७५ |
| जुनेलो | ३ | २.५ | २ |
| बाजरा | ३ | २ | १.२५ |
| टियोसेन्टी | ६ | ३ | २ |
| सुडान | ३ | २ | १.५ |
| नेपियर | २.५ | २.५ | २ |
| पारा घाँस | ४ | २ | १.५ |
| स्टाईलो | १.२५ | ४ | २ |
| सेन्ट्रो | १.२५ | ३ | ० |
| भटमासे | ० | २.५ | २.५ |
| डेस्मोडियम | १.२५ | ३ | |
| मोलासेस | ३ | ५ | ० |
| कुड्जु | १२५ | ३ | ० |
| सुम्बा सेटरीया | ० | २ | ० |
| सेटरीया | २ | १.५ | २.५ |
| पासपालम | ४ | ३ | २ |
| मुलाटो | २.५ | १.५ | ० |

## अनुसुची-२

## (दफा ६(३) सँग सम्बन्धित)

रसायनिक मल बिक्री वितरणका लागि बिक्रेता सिफारिस गर्ने प्रयोजनका लागि मूल्याङ्कनका आधार र अंकभार

| क्र स | मूल्याङ्कनका आधारहरु | अंक भार |
|---|---|---|
| १ | **मल वितरणमा विगतको कार्य संलग्नता** | १६ |
| | विगतमा कुनै पनि आर्थिक बर्षको लागि कार्य नगरेकोलाइ १६ अंक | |
| | विगतमा १ आर्थिक बर्षको लागि कार्य गरेकोलाइ १२ अंक | |
| | विगतमा २ आर्थिक बर्षको लागि कार्य गरेकोलाइ ८ अंक | |
| | विगतमा २ आर्थिक बर्ष भन्दा बढी अवधिका लागि कार्य गरेकोलाइ ४ अंक | |
| २ | **भौतिक पूर्वाधार (गोदाम घर डिजिटल नापतौल सूचना प्रबिधी)** | १६ |
| | छुट्टै गोदाम घर डिजिटल नापतौल उपकरण र कम्प्युटर प्रिन्टर भएकोलाइ १६ अंक | |
| | गोदाम भए पनि छुट्टै गोदाम घर नभएको डिजिटल नापतौल उपकरण भएको कम्प्युटर प्रिन्टर नभएकोलाइ १० अंक | |
| | छुट्टै गोदाम घर नभएको परम्परागत नापतौल उपकरण भएको कम्प्युटर प्रिन्टर नभएकोलाई ५ अंक | |
| ३ | **आवेदकको ठेगाना र कार्य गर्न प्रस्ताव गरेको वडा कार्यक्षेत्र** | १० |
| | सम्वन्धित वडा कार्यक्षेत्र कै ठेगाना भएको संस्था भएमा १० अंक | |
| | अन्य वडा कार्यक्षेत्रको ठेगाना भएको संस्था भएमा ५ अंक | |
| ४ | **संस्थाको प्रकार** | १८ |
| | कृषि सहकारी संस्था भएमा अंक १८ | |
| | अन्य सहकारी संस्था भएमा ९ अंक | |
| ५ | **विगतमा कारवाहीमा परे/नपरेको विवरण (मल वितरण गर्न नपाउने गरि कारवाहीमा परेको वा कुनै कारोबार गर्न बन्देज लगाइएको बाहेक)** | १० |
| | कुनै कारवाहीमा नपरेको भए १० अंक | |
| | कुनै कारवाहीमा परेको भए ५ अंक | |
| ६ | **विगत ३ आर्थिक बर्षको मल वितरणको कार्यदक्षता ( विगतमा मल बिक्रेताको रुपमा कार्य गरिसकेकाको हकमा)** | १८ |
| | प्राप्त मलको कोटा सबै विक्रि वितरण गरेकोलाइ १८ अंक | |
| | प्राप्त मलको कोटा चालीस प्रतिशत भन्दा माथि विक्रि वितरण गरेकोलाइ १२ अंक | |
| | प्राप्त मलको कोटा चालीस प्रतिशत भन्दा कम विक्रि वितरण गरेकोलाइ ६ अंक | |
| ७ | **संस्थाको कार्यानुभव ( विगतमा मल बिक्रेतको रुपमा कार्य नगरेकाको हकमा)** | १८ |
| | **६ बर्ष वा सो भन्दा बढि अवधि कार्यकाल भएकालाइ १८ अंक** | |

| | | |
|---|---|---|
| | **४ बर्ष भन्दा बढी ६ बर्ष भन्दा कम अवधि कार्यकाल पुरा गरेकालाइ १२ अंक** | |
| | **२ बर्ष भन्दा बढि ४ बर्ष भन्दा कम अवधि कार्यकाल पुरा गरेकालाई ६ अंक** | |
| ८ | **प्रचलित कानुन बमोजिमको दायित्व निर्वाहको अवस्था** | १२ |
| | विगत २ आर्थिक बर्षमा सहकारी संस्थाको हकमा नगरपालिकालाई कानुन बमोजिमको विवरण समयमै बुझाएकोलाइ १२ अंक | |
| | विगत २ आर्थिक बर्षमा सहकारी संस्थाको हकमा नगरपालिकालाइ कानुन बमोजिमको विवरण समयमै नबुझाएकोलाइ ६ अंक | |
| | **कुल अंक भार** | १०० |

## अनुसुची-३

### (दफा-७ (२) सँग सम्बन्धित)

......... वडा कार्यालय

मल वितरण क्षेत्र ............ मल बिक्रेताको नाम र ठेगानाः-

### मल बिक्रि वितरण गरिने कृषकहरुको विवरण

| सि.नं. | कृषकको नाम थर | ठेगाना | ना.प्र.नं. | बाबु/पतिको नाम | बालीयोग्य जमिनको क्षेत्रफल | मलको प्रकार (नाम) | प्राप्त गर्ने मलको परिमाण (के.जीमा) | कुल मूल्य |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |

**<u>आज्ञाले</u>**

गणेश कुमार खड्का

प्रमुख प्रशासकीय अधिकृत